"समृद्ध गाउँपालिका र सुखी जनता"

# माईजोगमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रेड पाण्डा

**नयाँबजार , इलाम ।**
कोशी प्रदेश, नेपाल

पत्र संख्या ०८१/०८२
चं. नः

ने.स.११४४ गुँलाथ्व ८ सोमबार
मितिः२०८१।०४।२८

**इन्जिनियर र असिस्टेन्ट सब इन्जिनियर सेवा करारमा पदपूर्ति सम्बन्धि सूचना।**

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०४/२८)

यस माईजोगमाई गाउँपालिकाको मिति २०८१/०४/१६ गतेको कार्यपालिकाको निर्णयानुसार भौतिक पूर्वाधार शाखामा इन्जिनियर र असिस्टेन्ट सब इन्जिनियर पदमा खुल्ला प्रतिस्पर्धाबाट करारमा राख्नु पर्ने भएकाले प्रचलित कानून अनुसार योग्य नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तोकिएको राजश्व दस्तुर रसिद सहित आवेदन फारमको ढाँचामा दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| क्र.सं. | विज्ञापन नं. | पद / तह | माग संख्या | दरखास्त दस्तुर | परीक्षा किसिम |
|---|---|---|---|---|---|
| १ | ०१/०८१/०८२ | सिभिल इन्जिनियर (छैठौ तह) | १ | रु १०००/- | लिखित, प्रयोगात्मक र अन्तरवार्ता |
| २. | ०२/०८१/०८२ | सिभिल असिस्टेन्ट सब इन्जिनियर(चौथो तह) | २ | रु. ५००/- | लिखित, प्रयोगात्मक र अन्तरवार्ता |

१. **सेवाको किसिमः** करार

२. **आवश्यक न्युनतम शैक्षिक योग्यता र अनुभवः**
   क) कोशी प्रदेश लोक सेवा आयोगले तोके बमोजिमको न्यूनतम शैक्षिक योग्यता, उमेर म्याद हद र अन्य विवरण सोहि बमोजिम
   ख) नेपाल इन्जिनियरिंग परिषदबाट जारी दर्ता प्रमाण पत्र भएको ( इन्जिनियरको हकमा )

३. **दरखास्त दिने स्थानः** माईजोगमाई गाउँपालिकाको कार्यालय, नयाँबजार ( प्रशासन शाखा )

४. **दरखास्त दिने अन्तिम मितिः** २०८१/०५/१० (उक्त दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन )

५. **परीक्षा मिति र स्थानः-** परीक्षा हुने मिति र समय प्रारम्भिक योग्यताक्रम सूची प्रकाशित गरेको मितिमा तोकिनेछ।

६. **दरखास्त दस्तुरः-**
   क) माईजोगमाई गाउँपालिका कार्यालयको राजश्व शाखा

७. **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित, प्रयोगात्मक र अन्तरवार्ता

८. **आवश्यक कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु
   क) नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
   ख) न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
   ग) अनुभव भए सोको कागजात
   घ) २ प्रति पासपोर्ट साइज फोटो
   ङ) दस्तुर बुझाएको सक्कल भौचर

९. **तलवः**
   क) सिभिल इन्जिनियर (छैठौ तह) नेपाल सरकारको तलवमान वमोजिम
   ख) सिभिल असिस्टेन्ट सब इन्जिनियर(चौथों तह) मासिक रु २५००० ( पच्चिस हजार मात्र )

१०. **सेवा सुविधा तथा अन्यः** कार्यालयको निर्णयानुसार हुनेछ।

११. **नोटः** आवेदनको ढाँचा लगायत अन्य जानकारीको लागि गाउँपालिकाको कार्यालय ०२७-४११०४४ वा प्रशासन शाखा गोकुल प्रसाद संजेल (९८४२६४७१४१)मा सम्पर्क राख्नुहोला वा गाउँपालिकाको वेवसाइट www.maijogmaimun.gov.np मा हेर्नु होला।

गोकुल प्रसाद संजेल
नि.प्रमुख प्रशासकीय अधिकृत